# धनगढी उप-महानगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
धनगढी, कैलाली
सुदुर पश्चिम प्रदेश, नेपाल ।

प.सं.: २०७७/७८
च. नं. .............

मिति : २०७७/०४/०२

**सूचना**

**न्युनतम रोजगारीमा संलग्न हुनको लागि निवेदन दिने बारे सूचना ।**
**(२०७७ श्रावण ८ गते देखी २०७७ भाद्र ७ गते सम्म)**

रोजगारीको हक सम्बन्धी ऐन, २०७५ को दफा ११, रोजगारीको हकसम्बन्धी नियमावली, २०७५ को नियम ७ र प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को दफा १८ बमोजिम आगामी आ.ब. २०७७/०७८ का लागि स्थानिय तह मातहत रहेका रोजगार सेवा केन्द्रको समन्वयमा प्रदान गरिने १०० दिन बराबरको न्यूनतम रोजगारीमा संलग्न भई **सार्वजनिक विकास निर्माणको काममा योगदान गर्न इच्छुक बेरोजगार** व्यक्तिहरुले २०७६ चैत्र मसान्तसम्म आफुले स्थायी बसोबास गरेको स्थानिय तहको सम्बन्धित वडा कार्यालयमा बेरोजगार व्यक्तिको सूचीमा सूचीकृत हुन निवेदन दिनहुन यस गत २०७६ चैत्रमा सुचना प्रसारित गरिएता पनि देशमा व्याप्त कोरोना महामारीका कारण उक्त कार्य रोकिएकोले २०७७/३/३० गतेको मा.मन्त्रीस्तरको निर्णय बमोजिम इच्छुक बेरोजगारहरुले २०७७ श्रावण ८ गते देखी २०७७ भाद्र ७ गते सम्म सम्बन्धित वडा कार्यालयमा निवेदन दिनहुन यो सूचना प्रकाशित गरिएको छ । निवेदनको ढाँचा प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को अनुसूची १ बमोजिम हुनुपर्नेछ । साथै यस सम्बन्धि अन्य बिस्तृत जानकारी तथा आवेदन फाराम वडा कार्यालय, धनगढी उपमहानगरपालिकाको वेबसाइट dhangadhimun.gov.np अथवा प्रधानमन्त्री रोजगार कार्यक्रमको वेबसाइट www.pmep.gov.np बाट प्राप्त गर्न सकिने छ ।

**निवेदनसाथ पेश गर्नु पर्ने कागजातहरु :**

१. निवेदक सहित परिवारमा भएका सम्पूर्ण सदस्यहरुको नागरिकताको स्पष्ट देखिने प्रतिलिपिहरु ।
२. नागरिकता नभएका बालबालिकाहरुको जन्मदर्ता प्रमाण पत्रको प्रतिलिपिहरु ।
३. फोन नं., बार्षिक पारिवारीक आय, र काम गर्ने समय, कामको क्षेत्र अनिवार्य रुपमा भर्नुपर्ने छ ।
४. फारममा भएको पारिवारिक विवरणमा निवेदक सहित परिवारका सम्पूर्ण सदस्यहरुको नाम, जन्म मिति, नागरिकता नं.,जारी मति, जारी जिल्ला, शैक्षिक योग्यता, सिप, रोजगारीको अवस्था आदि विवरण अनिवार्य रुपमा भर्नुपर्ने छ ।
५. परिवारका कुनै सदस्यले सामाजिक सुरक्षा भत्ता, तथा अन्य (पेन्सन), कुनै सेवा सुविधा बाफत पाएको रकम विवरण अनिवार्य रुपमा भर्नुपर्ने छ ।
६. निवेदक कुनै किसिमको स्वरोजगारमा संलग्न नभएको हुनुपर्नेछ । र बैदेशिक रोजगारीबाट फर्किएको वा जान नपाएको भए स्पष्ट सबै विवरण हरु भर्ने ।
७. उमेर १८ देखि ५९ वर्ष पुरा नभएको हुनु पर्नेछ ।

**नोट :** उपरोक्त विवरहरु हरु दफा १८ को उपदफा १ संग सम्बन्धित अनुसूची १ (संसोधित) अनिवार्य रुपमा भरी पठाइएको हुनुपर्नेछ । यदि विवरणहरु अपूर्ण, भ्रुटा र अस्पष्ट ठहर भएमा फारम स्वतः रद्द हुने जानकारी गरिन्छ । यसरी रद्द फारामहरुको जानकारी सम्बन्धित वडा कार्यालय मार्फत लिन सकिने छ । गत वर्षमा सुचिकरण भै सकेका व्यक्तिहरुले पनि काम गर्न इच्छुक भएमा पुनः निवेदन दिनुपर्नेछ ।

चन्द्र बहादुर महरा
रोजगार संयोजक

.............................
(नारायण प्रसाद सापकोटा)
प्रमुख प्रशाशकीय अधिकृत
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत :-०९१-५२०४२९,योजनाशाखा ०९१-५२५५०६,आ.ल.प.शाखाः-०९१- ५२०७२९,
प्रशासन :- ०९१-५२०७३३,लेखाः-०९१-५२१५२९,फ्याक्स :- ०९१-५२०४२९दमकल :- १०१, रोजगार सेवा केन्द्रः ०९१-५२६९२६
वेब साईट www.dhangadhimun.gov.np email address: rojgarsewakendradhn@gmail.com